# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः २६ अगस्त २०२५**

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. बंगालका प्रवासी श्रमिकहरू विषयमा सर्वोच्च न्यायलयको कदमले राष्ट्रिय स्तरमा बंगालको अद्वितीय पहिचान र भूमिकालाई मान्यता दिन्छ भनी मुख्य मन्त्री ममता ब्यानर्जीले बताउनु भएको छ।

२. कोलकाताको ब्यांकशाल न्यायलयले आर.जी. कर मेडिकल कलेजकी दिवंगत डाक्टरका पितालाई मानहानि मामिलामा नोटिस जारी गरेको छ।

३. बिहारदेखि बंगालसम्म आयकर विभागले चर्चित व्यापारीहरूको कार्यालय, होटल, चिया फ्याक्ट्री एवं अन्य प्रतिष्ठानहरूमा छापा मारिरहेको छ।

४. खरसाङ क्षेत्रका समाजसेवी, शिक्षक एंव विभिन्न संघ संस्थाहरुसित संलग्न रहेर सक्रिय रुपमा कार्य गर्ने खरसाङका विशिष्ट व्यक्ति दुर्गासिंह छेत्रीको निधन भएको छ।

५. मौसम विभागले उत्तर बंगालमा सक्रिय दक्षिणपश्चिमी मनसुनका कारण आगामी दुई दिनसम्म भारीदेखि अति भारी वर्षा हुने चेतावनी जारी गरेको छ।

**मुख्यमन्त्री ममता - बंगालका प्रवासी श्रमिकहरू**

सर्वोच्च न्यायलयको आदेशले बंगालका प्रवासी श्रमिकहरूका लागि ठूलो आशा जगाएको छ। न्यायलयको यो निर्णय देशमा कडा परिश्रम गर्ने र त्याग गर्ने परिवारहरूका लागि आशाको सन्देश हो। मुख्यमन्त्री ममता ब्यानर्जीले सर्वोच्च न्यायलयको त्यो आदेशलाई उद्धृत गर्नु भयो जसमा न्यायलयले आज एक जनहित याचिकाको सुनुवाइ गर्दै कोलकाता उच्च न्यायलयलाई पश्चिम बंगालका प्रवासी श्रमिकहरूको निवेदन प्राथमिकताका आधारमा सुनुवाइ गर्न निर्देशन दिएको थियो।यस निर्णयप्रति प्रतिक्रिया जनाउनु हुँदै मुख्यमन्त्रीले सामाजिक सञ्जालमा भन्नु भयो, सर्वोच्च न्यायलयको यो कदमले राष्ट्रिय स्तरमा बंगालको अद्वितीय पहिचान र भूमिकालाई मान्यता दिन्छ। यसले राज्यको ऐतिहासिक भूमिकालाई मान्यता दिएको छ। उहाँले लेख्नु हयेको छ, म मेरा प्रवासी श्रमिक दाजुभाइ दिदी-बहिनीहरूको साथमा दृढतापूर्वक उभिएको छु। न्यायपालिकामा विश्वास व्यक्त गर्दै उहाँले भन्नु भयो, बंगालका प्रत्येक कामदारले सम्मान, मर्यादा र संवैधानिक न्याय पाउनेछन्।मुख्यमन्त्री ममता ब्यानर्जीले भन्नु भयो, सर्वोच्च न्यायलयको यो निर्णय पश्चिम बंगालका लागि मात्र नभई सम्पूर्ण देशका लाखौं प्रवासी श्रमिकहरूका लागि आशाको किरण मानिएको छ, जो राम्रो जीवनको खोजीमा टाढा-टाढाका राज्यहरूमा काम गरिरहेका छन्।

**मानहानि मामिलामा नोटिस जारी**

कोलकाताको ब्यांकशाल न्यायलयले आर.जी. कर मेडिकल कलेजकी दिवंगत डाक्टरका पितालाई मानहानि मामिलामा नोटिस जारी गरेको छ। यो मामिला तृणमूल कंग्रेसका राज्य महासचिव तथा प्रवक्ता कुणाल घोषको पक्षबाट दर्ता गरिएको हो। न्यायलयले पीड़िताका पितालाई आगामी 11 सेप्टेम्बर, 2025- को बिहान 10:30 बजी पेश हुने निर्देश दिएको छ। श्री कुणाल घोषले आज सोशल मीडिया प्लेटफर्म 'एक्स'-को माध्यमबाट जानकारी गराउनु भएको छ, उहाँले पीड़िताका पिताद्वारा लगाइएको कथित झुटो तथा अपमानजनक आरोपहरूलाई लिएर कानूनी कारबाही शुरू गरेका छन्। श्री घोषले भन्नु भयो, मैले

मानहानिको मामिला दर्ता गरेको छु। मेरा वकिल अयन चक्रवर्तीले कानूनी नोटिस पठाएका छन्। माननीय 15औं न्यायिक म्याजिस्ट्रेटको न्यायलयले नोटिस जारी गरेको छ। उनी र उनको वकिललाई आगामी 11 सेप्टेम्बरमा अदालतमा उपस्थित हुनुपर्नेछ। स्मरण गराइन्छ, गत 20 अगस्तमा श्री घोषले घोषणा गर्नु भएको थियो, पीड़िताका पितामाथि मानहानिको मुद्दा लगाउनेछन्। पीड़िताका पिताले आरोप लगाएका थिए, कुणाल घोषले आर.जी. कर काण्डको सीबीआई जाँचलाई कथित रूपमा राज्य सरकारको पक्षमा सुल्झाउनको लागि पैसा दिए अनि यसको लागि घोष सीजीओ कम्प्लेक्सस्थित सीबीआई कार्यालयमा पनि गएका थिए।

**<u>आयकर विभाग -छापा</u>**

बिहारदेखि बंगालसम्म आयकर विभागले चर्चित व्यापारीहरूको कार्यालय, होटल, चिया फ्याक्ट्री एवं अन्य प्रतिष्ठानहरूमा छापा मारिरहेको छ। आयकर विभागले आज बिहान किशनगञ्जका व्यवसायी राजकरणको नेमचा रोड र बगत टोली रोडस्थित कार्यालयसहित मल, लग्जरी होटल, चिया बगान तथा फ्याक्ट्रीहरूसहित विभिन्न ठाउँमा छापामारीको कारबाही गऱ्यो। आयकर विभागका अधिकारीहरू बिहान पटनादेखि लगभग 50 वटा वाहनहरूमा सवार भएर बिहार आइपुगे अनि छापामारी शुरू गरे। यसमा अर्धसैनिक बल पनि उपस्थित छन्। उक्त व्यवसायीका विभिन्न प्रतिष्ठानहरूलाई घेरिएको छ। सिलगढ़ीमा पनि व्यवसायीका विभिन्न प्रतिष्ठानहरूमा यसरी नै छापामारीको कारबाही भइरहेको छ। गुजरातको सूरत, फारबिसगञ्ज, पूर्णिया, गोलाबाग समेत केही स्थानहरूमा छापामारी गरिएको छ। यस अतिरिक्त उनका सयभन्दा अधिक कर्मचारीहरूलाई घरभित्रै जाँचबुझ गरिँदैछ। तथापि यस मामिलामा व्यवसायीको पक्षबाट कुनै प्रतिक्रिया सामु आएको छैन। आयकर विभागका अधिकारी अनुसार यो विशेष छापामारी हो।

**<u>ईडीद्वारा चल-अचल सम्पत्तिहरू जफत</u>**

प्रवर्तन निदेशालय (ईडी) ले मनी लन्ड्रिङ मामिलामा दुई फरेक्स कम्पनीहरू- टीपी ग्लोबल एफएक्स र आईएक्स ग्लोबलको जम्मा रुपियाँ 18 करोड़ 78 लाख मूल्यको चल-अचल सम्पत्तिहरू जफत गरेको छ। ईडीको कोलकाता जोनल कार्यालयले तलाशी अभियानपछि फ्ल्याट, अपार्टमेन्ट, वाणिज्यिक स्थल, फिक्स्ड डिपोजिट र म्यूचुअल फन्ड जस्ता सम्पत्तिहरू जफत गऱ्यो। यो कारबाही कोलकाता पुलिस, महाराष्ट्र पुलिस र गुजरात पुलिसद्वारा टीएम ट्रेडर्स, केके ट्रेडर्स, टीपी ग्लोबल एफएक्स, आईएक्स ग्लोबल, आईएक्स एकेडमी प्राइवेट लिमिटेड र अन्य विरूद्ध दर्ता एफआईआरको आधारमा गरियो। भारतीय रिजर्भ ब्याङ्क (आरबीआई) ले स्पष्ट पारेको छ कि टीपी ग्लोबल एफएक्सको वेबसाइट न त आरबीआईको साथ पंजीकृत छ न त उसलाई फरेक्स ट्रेडिङको निम्ति कुनै अनुमति प्राप्त छ। केन्द्रिय ब्याङ्कले अगावै 09 सेप्टेम्बर 2022 मा चेताउनी सूची जारी गरी मानिसहरूलाई अनधिकृत फरेक्स ट्रेडिङ प्लेटफार्मदेखि सतर्क रहने सुझाउ दिएको थियो।

**<u>खरसाङका विशिष्ट व्यक्ति दुर्गासिंह छेत्रीको निधन</u>**

खरसाङ क्षेत्रका समाजसेवी, शिक्षक एंव विभिन्न संघ संस्थाहरुसित संलग्न रहेर सक्रिय रुपमा कार्य गर्ने खरसाङका विशिष्ट व्यक्ति दुर्गासिंह छेत्रीको निधन भएको छ। उहाँको निधन हिजो राती लगभग 10 बजीतिर 78 वर्षको उमेरमा दिल्लीमा भएको छ। उहाँ विगत केही समयदेखि दिल्लीमा छोरा बुहारीसित बस्दै आउनु भएको थियो। उहाँले आफुपछि छोरा-बुहारी, नातिनी, भाइहरु र अन्यलाई छोडी गएका छन्। उहाँको अन्तिम संस्कार आज दिउँसो दिल्लीमा नै गरिएको पारिवारिक स्रोतबाट जानकारी प्राप्त भएको छ।

**बाइट**

**<u>शोक सभा आयोजना</u>**

खरसाङ क्षेत्रका सामाजिक कार्यकर्ता, पूर्व शिक्षक एंव खरसाङ महकुमा खेलकूद संघको कोषाध्यक्ष दुर्गा सिंह छेत्रीको निधनमा खरसाङ महकुमा खेलकूद संघद्वारा शोक सभाको आयोजना गरेको छ। संघको कोषाध्यक्ष एंव खरसाङ क्षेत्रका विभिन्न

संघ संस्थाहरुमा संलग्न रहेर सक्रिय कार्य गरिरहेका दुर्गा सिंह छेत्रीको हिजो राती दिल्लीमा 78 वर्षको उमेरमा निधन भएको थियो। उहाँको निधनमा खरसाङ महकुमा खेलकूद संघको सभापति मोहन योञ्जनको अध्यक्षतामा शोक सभा आयोजना गरेर उहाँको चिर आत्मा शान्तिको लागि मौन धारण पनि गरिएको जानकारी प्राप्त भएको छ। उक्त शोक सभामा खरसाङ महकुमा खेलकूद संघको सभापति मोहन योञ्जन, उप सभापति फुर्बा योञ्जन, सचिव निर्मल गुरुङ, सह सचिव दिव्यत्तम अधिकारी लगायत अन्यहरुले संघको कोषाध्यक्ष दुर्गा सिंह छेत्रीको निधनमा श्रध्दाञ्जली अर्पण गर्दै शोकित परिवारमा शोक समवेदना प्रकट गरिएको छ। कोषाध्यक्ष दुर्गा सिंह छेत्रीले खरसाङ महकुमा खेलकूद संघलाई दिएको विशिष्ट योगदानलाई सदैव सम्झनामा रहने वक्ताहरुले बताएका छन्।

**डाक्टर रूबी मण्डल - खरसाङ**

खरसाङ महकुमा अस्पतालकी सुप्रीटेण्डेण्ट डाक्टर रूबी मण्डलको पदोन्नति भएर सरुवा भएको छ। यसै क्रममा आज उहाँलाई सम्मान एवम् विदाई जनाउन अस्पतालका कर्मचारीहरूले यहाँको एउटा होटलमा विशेष कार्यक्रमको आयोजना गरेको थियो। बिजयसिंह सिञ्चुरीले सञ्चालन गरेको समारोहमा अस्पतालका सबै कर्मचारीहरूले खदा लगाएर उपहारहरू अनि सम्मानपत्र प्रदान गरेर डाक्टर मण्डललाई सम्मान जनाएका छन्। उहाँलाई प्रदान गरिएको सम्मानपत्र बिरेन छेत्रीले पठन गर्नु भएको थियो। डाक्टर मण्डलले आजभन्दा प्रायः बीस वर्षअघि दार्जीलिङ पहाड़ आउँदा नौलो रहेको औ त्यसताक शुरुमा नै सुके अस्पतालमा एक जिम्मेवारी पदमा बस्नुपर्दा धेरै असुविधा भए तापनि त्यहाँका सबै स्टाफहरूको सहयोग अनि त्यसपछि खरसाङ अस्पतालमा आएपछि यहाँ पनि सबैको सहयोग र समर्थन पाएको बताउनु भएको छ। उहाँले सबैको सहयोग र समर्थनले जस्तै कठीन कार्य पनि सजिलै गर्न सकिएको अनि यत्तिका वर्षसम्म पहाड़मा बसेको हुँदा यहाँ धेरै आत्मियता प्राप्त गर्न सकेको बताउनु भयो। उहाँले पहाड़वासीको मायालाई आफ्नो जीवनमा कहिल्यै नभुल्ने बताउनु हुँदै यो सम्मान र मायाको निम्ति सबैलाई धन्यवाद दिनु भएको छ।

**आकाशवाणी खरसाङको कार्यक्रम**

आकाशवाणी खरसाङद्वारा आयोजित विशेष युवा केन्द्रित कार्यक्रम बिजनबारी डिग्री कलेजमा भव्यतापूर्वक सम्पन्न भयो। कार्यक्रममा कलेजका विद्यार्थीहरूको उल्लेखनीय तथा उत्साहजनक सहभागिता देखिएको थियो। कार्यक्रमको शुरुवात सह–प्राध्यापक कर्ण विरहले गर्नु भएको थियो भने महाविद्यालयको तर्फबाट स्वागत मन्तव्य शिक्षक प्रभारी नोर्की वङ्गु योल्मोले राख्नु भएको थियो। सम्पूर्ण कार्यक्रमको सञ्चालन आकाशवाणी खरसाङको प्रसारण निस्पादक मनन तामाङले गर्नु भएको थियो भने प्रश्नोत्तर (Quiz) प्रतियोगिताको सञ्चालन आकाशवाणी खरसाङको प्रसारण निस्पादक योजना मोहोराले गर्नु भएको थियो।

**फ्याक्ट्रीको सुरक्षा पर्खाल भत्कियो**

हिजो रातीदेखि नै परिरहेको पानीले फूलबाड़ीस्थित एक फ्याक्ट्रीको सुरक्षा पर्खाल भत्कियो। यस घटनामा एउटा टोटो क्षतिग्रस्त भयो भने एउटा पशु घाइते भयो। घटना आज बिहान फूलबाड़ी दुई नम्बर ग्राम पञ्चायतको चतुरागछ क्षेत्रमा भएको हो। भनिन्छ, रातभरि परेको पानीले चतुरागछ क्षेत्रस्थित एक फ्याक्ट्रीको सुरक्षा पर्खाल मुनिको माटो नरम भएको थियो जसले गर्दा पर्खाल भत्किएर भुइँचमा झऱ्यो। पछि स्थानीय मानिसहरू घटनास्थलमा पुगेर पर्खालका अवशेषहरूले थिचेको टोटोलाई बाहिर निकाले। खबर पाउनसाथ एनजेपी थानाको पुलिस पनि घटनास्थलमा पुग्यो। पुलिसले सम्भावित खतरालाई मध्यनजर गर्दै वरपरका मानिसहरूलाई पर्खालदेखि टाड़ा बस्ने सल्लाह दिएको छ।

**मौसम**

मौसम विभागले उत्तर बंगालमा सक्रिय दक्षिणपश्चिमी मनसुनका कारण आगामी दुई दिनसम्म भारीदेखि अति भारी वर्षा हुने चेतावनी जारी गरेको छ।विभागले भनेको छ कि बंगालको खाडीबाट आएको आर्द्रताको प्रवाह र अनुकूल वायु प्रणालीका कारण तल्लो क्षेत्रहरूमा पानी जम्न सक्छ। पछिल्लो २४ घण्टामा, आज बिहान ८.३० बजेसम्म, जलपाईगुडीमा सबैभन्दा बढी १०७ मिलिमिटर वर्षा रेकर्ड गरिएको छ। यसबाहेक, अलिपुरद्वारमा ४३ मिलिमिटर वर्षा रेकर्ड गरिएको छ।

मौसम विभागका अनुसार, जलपाईगुडी र अलिपुरद्वार जिल्लाहरूमा भारीदेखि अति भारी वर्षा (सातदेखि २० सेन्टिमिटर) हुने अनुमान गरिएको छ, जबकि दार्जिलिङ, कालेबुङ र कुचबिहार जिल्लाहरूमा शनिबार बिहानसम्म भारी वर्षा (सातदेखि ११ सेन्टिमिटर) हुन सक्छ। आइतबार बिहानसम्म जलपाईगुडी र अलिपुरद्वारमा फेरि भारी वर्षा हुने अनुमान गरिएको छ।विभागले उत्तर बंगालका अन्य भागहरूमा मेघगर्जन र तेज हावासहित वर्षा हुने सम्भावना पनि रहेको बताएको छ।

****** ० ******